फोहोर सम्बन्धी सभ्यता पालना गरौं

फोहोर संकलन गर्ने दिनको
बिहान 7 बजे देखी 8 बजे भित्र
तोकेको स्थान मा राख्नुहोला । टोल समितिले

आफै लिएर जाने फोहोर दर्ता हुने समय सोमबार~शनिबार (बिदाको दिन सहित) बिहान 9~12 बजे / दिउँसो 1~4 बजे

जानकारी को लागी सम्पर्क
आयाबे सिटी क्लिनिङ्ग सेन्टर
आयाबे सिटी नोदाच्यो सुचियामा 110-10 Tel (0773)42-1489

जलाऊन मिल्ने फोहोर

रुखको हॉगा, काठको टुक्रा, काठको बक्स
40 सेमी भन्दासानो बस्तु ➡ नजलाई नष्ट गरिने फोहोर
40 सेमी भन्दा ठुलो बस्तु ➡ ठुलो आकारको फोहोर

(1) आयाबे सिटीले तोकेको फोहोरको झोलामा राखेर फाल्नुहोस् ।
(आयाबे सिटीले तोकेको झोला बाहेक अन्य बस्तु प्रयोग गरेमा फोहोर संकलन गरिने छैन)
(2) झोला को मुखलाई राम्रो संग बाधेर मात्र फाल्नुहोस् ।(झोला लाई टेपले बन्द गरेमा, झोलाबाट बस्तु बाहिर निस्केको अवस्थामा उक्त फोहोर संकलन गरिने छैन)
(3) फोहोर संकलन को दिन बिदाको दिनमा परे पनि फोहोर संकलन गरिने छ।

नोट
(1) धातु प्रयोग भएका बस्तु हरु नजलाई नष्ट गरिने फोहोर हो ।
(2) भान्सा बाट निस्कने फोहोर लाई सुक्खा हुनेगरी पानी निथोरेपछी मात्र फाल्नुहोस् ।
(3) झोला भित्र कुनै प्रमाणित गर्न नसकिने बस्तु भएमा संकलन गरिने छैन।
(4) एक परिवार ले एक पल्टमा धेरैमा 5 झोलासम्म मात्र फोहोर फाल्न सकिने छ।

आयाबे सिटीले तोकेको जलाएर नष्ट गरिने फोहोर बिषेश

बर्षको अन्तमा संकलन गरिने बिशेष दिन
जलाऊन मिल्ने फोहोर मात्र डिसेम्बर तारिक

नजलाई नष्ट गरिने फोहोर

स्प्रे क्यान,ग्यास क्यान, लाईटर खतराजन्य फोहोर मा पर्दछन् ।
नजलाई नष्ट गरिने फोहोर को रुपमा संकलन गर्न मिल्ने छैन।

(1) आयाबे सिटीले तोकेको फोहोरको झोलामा राखेर फाल्नुहोस् ।
(आयाबे सिटीले तोकेको झोला बाहेक अन्य झोला/बस्तु प्रयोग गरेमा फोहोर संकलन गरिने छैन)
(2) झोला को मुखलाई राम्रो संग बाधेर मात्र फाल्नुहोस् । (झोला लाई टेपले बन्द गरेमा, झोलाबाट बस्तु बाहिर निस्केको अवस्थामा उक्त फोहोर संकलन गरिनेछैन)

नोट
(1) खतरनाकफोहोर (चक्कु,धॉस काट्ने मेसिन को आरी, दाह्री काट्ने ब्लेड, सिसाको टुक्रा आदि) फाल्नुपर्दा धार भएको बस्तुलाई पत्रिका वा कागज ले राम्रो संग बेरेर खतरा नहुने गरी पारदर्शी वा अर्धपारदर्शी झोलामा राखी त्यसलाई 「きけん」 (खतरा) ख़तरनाकवस्तु को संकेत लगाई तोकिएको फोहोरको झोलामा राख्नुहोस् ।
(2) झोला मित्र कुनै प्रमाणित गर्न नसकिने बस्तु भएमा संकलन गरिने छैन।
(3) एक परिवार ले एक पल्टमा धेरै मा 5 झोलासम्म मात्र फोहोर फाल्न सकिने छ।
(4) बगैंचाका रुखहरुबाट काटिएका हाँगाहरुका लागि, Ayabe City Silver Human Resources Center को रिसाइकल सेवा प्रयोग गर्नुहोस्।

Ayabe City Silver Human Resources Center Tel (0773) 42-9030

आयाबे सिटीले तोकेको नजलाई नष्ट गरिने फोहोर

अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर
अक्टोबर	नोभेम्बर	डिसेम्बर	जनवरी	फेब्रुअरी	मार्च

पुनः प्रयोग गर्न मिल्ने र खतराजन्य फोहोर

अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर
अक्टोबर	नोभेम्बर	डिसेम्बर	जनवरी	फेब्रुअरी	मार्च

बोत्तल (पेय पदार्य , कस्मेटिक सामान)
- जुस,बियर,सश आदि (खाद्यपदार्थ/पेय पदार्थ राखी प्याक गरि बेचिएका) सिसा का बोत्तल,कस्मेटिक सामान का सिसाका बोत्तल हरु यस अन्तर्गत पर्दछन्।
- बोत्तल लाई 3 रंग (पारदर्शी, खैरो , अन्य) अनुसार छुट्याएर फाल्नुहोस्।
- बिर्को / ढक्कन लगाएका बोत्तल हरु संकलन गरिने छैन।
- ताप प्रतिरोधी, सेतो/दुध रंग का सिसा लाई जलाउन नमिल्ने फोहोर मा राख्नुहोस्।

बिर्को/ढक्कन अलग गर्नुपर्ने छ

क्यान (पेय पदार्थ, खाध्य पदार्थ)
- जुस, बियर, बिस्कुट / कुकिज,मिठाई र क्यानफुड(जनावर को खाना राखेको क्यान पनि) आदी यस अन्तर्गत पर्दछन् । धातुको ढक्कन र सिल पनी यसै संग राख्नुहोस।
- स्टील को क्यान र आल्मुनियम को क्यान संगै राख्नुहोस्।

PET/पेट बोत्तल
- तल संकेत गरिएका वस्तु हरु यस अन्तर्गत पर्दछन्।
- लेबल लाई निकाल्नुहोस्।
- सश, तेल को बट्टा,ह्यान्डल भएको बट्टा , प्लास्टिक बोत्तल को बिर्को,लेबल आदी लाई जलाएर नष्ट गरिने फोहोर मा राख्नुहोस्।
- बिर्को/ढक्कन लगाएको पेट बोत्तल हरु लाई संकलन गरिने छैन।

बिर्को / ढक्कन, लेबल निकाल्नै पर्ने छ

सेतो ट्रे
- दुवै साईडमा सेतो भएको स्टाईरोफोम बाट बनेको खाध्य पदार्थ का ट्रे हरु यस अन्तर्गत पर्दछन् ।(रंगीन वा डिजाईन भएका पर्ने छैनन्)
- टुटे फुटेका भएपनि फरक नपर्ने।
- फोहोरिएका वा दुसी लागेका ट्रे हरु रिसाईकल गर्न नमिल्ने हुनाले, जलाएर नष्ट गरिने फोहोर संगै राख्नुहोस्।

खतराजन्य फोहोर

नोट
(1) बस्तुको प्रकार अनुसार छुट्टाछुट्टै झोला मा राख्नुहोस्।
(2) ट्युबलाईट, लाईट बल्व,थर्मोम्टर मा पारो रहेको हुन्छ त्यसैले नफुट्ने तरिकाले राख्नुहोस्।
(3) स्प्रे क्यान, ग्यास क्यान हरु विस्फोटन को जोखिम हुने गर्दछ, पुरा प्रयोग गरे पछी मात्र फाल्ने गर्नुहोस्। सकेसम्म प्लास्टिक को भाग र बिर्को लाई निकाल्नुहोस्।
(4) ब्याट्रीका प्रकारहरुमा अननवायय रुपमा प्लस (+) र माइनस (-) ध्रुवमा सेलोफेन टेप आदद टाँसेर इन्सुलेसन गनुयहोस् , ताकक ववधुत प्रवाह नहोस्।

रिसाइकल वस्तु फाल्ने तरिका

(1) क्यान वा बट्टा खाली भएको छैन भने राम्रो संग निथोरेर पानी ले धुनुहोस्।(फोहोरीएको,चुरोटको ठुटो हरु बट्टा भित्र भएको अवस्था मा संकलन गरिने छैन)
(2) सामान राखी लिएर आउनु भएको झोला आफु साथै राखेर , सामान मात्र तोकिएको कन्टेनर मा फाल्नुहोस्(झोला फिर्ता लानु पर्नेछ)
※ पेट बोत्तल र सेतो ट्रे फाल्ने कन्टेनर मा ढक्कन लगाईएको हुन्छ, त्यस्ता फोहोर कन्टेनर मा सामान राख्नु अघि कन्टेनर को ढक्कन खोलेर मात्र फोहोर राख्नुहोस्।

गह्रौ/ठुलो फोहोर

आकार वा लम्बाई 40 सेमी कटेको/ठुलो फोहोर
(40 सेमी भन्दा कम गरि काटेको खण्ड मा पनि ठुलो फोहोर मै पर्ने छ)

पहिलो पटक	दोश्रो पटक	तेश्रो पटक	चौथो पटक

नोट बस्तुको तौल को आधार मा प्रशोधन शुल्क लाग्ने छ।
सिरक,डसना,सिरानी,चकटी,कुसन आदी प्रति केजी 58 येन, अन्य ठुला/गह्रौ फोहोर प्रति 20 केजी 381 येन लाग्ने छ।(घर मै आएर संकलन गर्ने निवेदन दिनुभएको खण्डमा अतिरिक्त शुल्क 953 येन लाग्ने छ)
संकलन शुल्क मा उपभोग कर (Tax) समावेश गरिएको छैन।

स्वयम क्लिनिङ्ग सेन्टर मा लिएर गएको अवस्थामा
(1) फोहोर दर्ता हुने समय सिमा भित्र लिएर जानुहोला। (2) कुनै कम्पनी मार्फत फोहोर लैजाने जिम्मा दिनुभएको अवस्थामा वारेसनामा लेखेर कम्पनि लाई दीनुहोस्।

घर मै आएर संकलन गरिदीन आवेदन गर्दा(अग्रिम अपोईन्टमेन्ट आवस्यक हुन्छ)
(1) बर्षमा ४ पटक तोकिएको दिनमा मात्र संकलन गरिने छ। (2) फोहोर संकलन गरिने दिन को 2 दिन अगाडी दिउसो सम्म मात्र आवेदन लिईनेछ। फोन सम्पर्क गरी आवेदन दिनुहोस्।(विदाको दिन बाहेक सोमबार - शुक्रबार) (3) संकलनको समयको करार/एग्रिमेन्ट बिहान र दिउसो को लागी दर्ता गरिने छ। समय रोज्न पाईने छैन। (4) ठुलो/भारी फोहोर लाई घर बाहीर ल्याएर राख्नुहोला। (5) अपार्टमेंट,म्यानसन मा बस्नुहुने महानुभाव हरुले पहिलो/तल्लो तल्ला सम्म ल्याएर राख्नुहोला। (6) काठ वा छाता जस्ता सामानको टुक्रा हरु परेको छ भने ढुवानी गर्न सहज हुने तरिकाले बाध्नु होला। (7) फर्निचर जस्ता 100 सेमी भन्दा ठुलो आकार भएको वस्तुभएमा एकपटक मा 5 वटा सम्म मात्र लगिने छ।

दुधको प्याकेट को संकलन

नजिक को तोकिएको स्थान मा लैजानुहोस्।
(1) भित्र राम्रोसंग पखालेर सुक्खा हुने गरि सुकाउनुहोस्।
(2) माथिल्लो र तल्लो भाग काटेर समतल बनाउनुहोस्।

सहयोग गरिदिनुहोस्

तोकिएका संकलन केन्द्र ● आयाबे सिटी हल(माचिजुकुरी सेन्टर) ● आयाबे काइखान ● आयाबे सिटी फुरेआई सेन्टर ● क्योतो निनोकुनी तोयोसातो शाखा ● सिमोईचि कोउमिनखान ● सिगासातोचिकु जिचिखाईरेनगोखाई ● आयाबे सिटी नोग्यो सिनको सेन्टर ● हिगासीयाता कोउमिनखान ● नोउसोनफुजिन नो ईए ● आयाबे सिटी किकानस्युऊराकु सेन्टर ● आयाबे सिटी केनकोउ फ्यामिली सेन्टर ● आयाबे सिटी खानकोउ सेन्टर ● आयाबे सिटी रिनग्योस्या तो कोनकोऊ खानरी सेन्टर

दर्ता संकलन नगरिने फोहोर

क्लिनिङ्ग सेन्टर मा ल्याउन निषेध!!

● रेष्टुरेन्ट,पसल,कम्पनी,कारखाना,अफिस,अस्पताल,प्रहरी कार्यालय, सरकारी कार्यालय आदीको "नजलाई नष्ट नरिने फोहोर" र " गहौं/ठुलो फोहोर" ● निर्माण सामाग्री,कृषि औजार/मेसिन,सोलार वाटर हिटर, फोहोर तेल,रंग,किटनाशक बिषादी, रासायनिक सामान,पराल,टायर,पाङ्ग्रा ,लिथियम ब्याट्री,बटन ब्याट्री, जिंक ब्याट्री, साना रिचार्जेवल ब्याट्री,आगो निभाउने उपकरण,कंक्रीट,ग्यास सिलिन्डर, कम्प्यूटर/ल्यापटप, मोबाइल फोन आदी ※ डिस्पोजल को लागी बिक्रेता वा डिलर संग सल्लाह गर्नुहोला।

कम्प्यूटर/ल्यापटप को सन्दर्भमा, リネットジャパンリサイクル(株) रिनेट जापान रिसाईकल कम्पनि ले संचालन गरेको कुरियर संकलन सेवा प्रयोग गर्न सक्नु हुनेछ।सम्पर्क Tel 0570-085-800

आगो निभाउने उपकरण को सन्दर्भमा (株)消火器リサイクル推進センター स्योउखाकी रिसाईकल सेन्टर मा सल्लाह गर्नुहोला।सम्पर्क Tel 03-5829-6773

कपडा

अप्रिल	मे	जुन	जुलाई	अगष्ट	सेप्टेम्बर
अक्टोबर	नोभेम्बर	डिसेम्बर	जनवरी	फेब्रुअरी	मार्च

नोट (1) लुगाहरु लाई नकाटी बहिर बाट हेर्दा राम्रो संग देखिने खालको पारद्शी वा अर्धपारदर्शी झोलामा राख्नुहोस। झोला भित्रको सामान प्रमाणित गर्न नसकिने अवस्थामा संकलन गरिने छैन। (2) बर्षाले नभिज्ने गरी झोला राम्रो संग बाधेर नजलाई नष्ट गरिने फोहेर राख्ने स्थान मा लगेर राख्नुहोस्।
(3) झोलाको आकार 45 लिटर वा सो भन्दा सानो आकारको प्रयोग गर्नुहोस्।
(4) एक परिवार ले एक पटकमा 5 झोला सम्म मात्र फाल्न पाईने छ। (5) कवाडी बस्तु, ह्वाईलेट का सामान (ह्वाईलेट सिट कभर आदी) लाई 40 सेमी भन्दा कम साईज मा काटेर जलाएर नष्ट गरिने फोहेर मा राख्नुहोस्।

4 प्रकारका घरायसी बिधुतिय उपकरणहरु

प्रयोग विहीन भएका 4 प्रकारका घरायसी बिधुतिय उपकरण हरु डिस्पोज या रिसाईकल गर्न, बिधुतिय उपकरण रिसाइकल कानुन अनुसार सामान बिक्री गर्ने पसल वा साटफेर गर्ने पसल ले नै डिस्पोज या रिसाईकल गर्नु पर्ने दायित्व हुन जान्छ, तसर्थ आफुले सामान किन्नु भएको पसल मा सल्लाह गर्नुहोला। सामान किनेको पसल थाहा नभएको अथवा बसाईसराई ले गर्दा सामान किनेको पसल टाढा परेको अवस्थामा समयपुर्व नै हुलाक बाट 「家電リサイクル券」 बिधुतिय सामान रिसाईकल टिकट किनेर तोकिएको संकलन केन्द्र मा आफै सामान लिएर जानुहोला।

निर्धारित संकलन केन्द्र = 株式会社ファーストライン Tel (0773) 20-1930

पुरानो कागज, बिविध कागज

पत्रपत्रिका,म्यागेजिन,पुस्तक,कार्डबोर्ड पेपर आदी बिभिन्न कागज हरु साथै मिठाई का बक्स हरु,र्यापिंग पेपर, पेपर ब्याग जस्ता कागज हरुको लागी स्थानीय वा बिध्यालय को संकलन स्रोत प्रयोग गर्नुहोला।

धरपालुवा जनावर को सन्दर्भमा

क्लिनिङ्ग सेन्टरमा घरपालुवा जनावर को बिशेष तरिका द्वारा अन्त्येष्टि व्यवस्था गरिएको छ।

● दाहशंस्कार को लागी मात्र	2095 येन
● अश्तु प्राप्ती को लागी	4191 येन

※ अश्तु प्राप्ती ईक्षा भएको अवस्थामा समयपुर्व नै क्लिनिङ्ग सेन्टरमा जानकारी गराऊनु होला ।
※ अश्तु लैजान कार्डबोर्ड बक्स को प्रयोग गर्नुहोला।
※ अश्तु संकलन को लागी भॉडो र चपस्टीक को ब्यवस्था आफैले गर्नुहोला।